नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१५(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- ६६७

सूचना नं. ३६ (आ.व.०८२/८३) प्रकाशनः २०८२।०९।१३

सीमा नाका सञ्चालन सम्बन्धी सूचना।

सम्वत् २०८२ साल असार २४ गते भोटेकोशी नदीमा आएको बाढीबाट रसुवागढीस्थित नेपाल-चीन जोड्ने मितेरी पुल क्षति भएकाले तत् पश्चात् उक्त दुई देशीय नाका पूर्ण रुपमा अवरुद्ध रहेको र सडक सम्पर्क बिच्छेद भएको विषय विदितै छ। नेपाल सरकार र चीनियाँ सरकारको द्विपक्षीय पहल, समन्वय र सहजीकरणमा उक्त स्थानमा बेलीब्रिज निर्माण सम्पन्न भई भारवहन क्षमता लगायतका प्राविधिक पक्षहरू समेत परीक्षण भईसकेको अवस्था छ। नाका सञ्चालनको विषयमा विभिन्न व्यक्ति, संस्था, निकाय, व्यवसायी, सञ्चारकर्मी लगायत सरोकारवालाहरूले यस कार्यालयमा बारम्बार जिज्ञासा राख्ने गरेको सन्दर्भमा चीनियाँ समकक्षी पक्षबाट यस कार्यालयलाई जानकारी गराए अनुसार उक्त नाका तद्नुसार 1st Jan, 2026 मिति २०८२।०९।१७ गतेबाट सञ्चालनमा ल्याउने गरी तयारी भएको हुनाले सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

मितिः २०८२।०९।१३ गते।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी